akcmyagdi@gmail.com
069520630, 9857622144, 9857621630
myagdi.akc.gov.np

गण्डकी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

म्याग्दी

पत्र संख्याः२०८०।८१
च.नं.:

## कार्यक्रम संचालनका लागि आबेदन प्रस्ताव पेश गर्ने सम्बन्धी सुचना।

( प्रथम पटक प्रकाशित मिति : २०८०/०५/२२)

कृषि ज्ञान केन्द्र, म्याग्दीको आ.व. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपशिलका कार्यक्रम संचालन गर्न ईच्छुक म्याग्दी जिल्ला भित्रका कृषक, कृषि फर्म, कृषक समूह तथा कृषि सहकारी संस्थाले यो सूचना प्रकाशन भएको मितिले ३० दिन (२०८० असोज २० गते) भित्र तोकिएको ढाँचामा कार्यक्रम प्रस्ताव सहित तपसिल बमोजिमका आवश्यक कागजातहरु संलग्न राखी यस कार्यालयमा निवेदन पेश गर्नुहुन संबन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

<u>तपसिल</u>

| क्र.स | कार्यक्रमको नाम | अनुदान प्रतिशत | कार्यक्रम को लक्ष्य | बजेट (लाखमा) | कैफियत |
|---|---|---|---|---|---|
| १. | खाद्यान्न बाली प्रवर्धन आयोजना | | | | |
| क. | खाद्यान्न बालीको प्रशोधन,मूल्य अभिवृद्धि तथा बजार प्रवर्धन कार्यक्रम | ५० | २ पटक | १० | कृषि फर्म, कम्पनी , कृषक समुह,वा कृषि सहकारी संस्था मार्फत संचालन हुने । |
| ख. | खाद्यान्नबाली उत्पादन प्रवर्धन कार्यक्रम | ७५-८५ | १२ हेक्टर | १२ | कम्तीमा १० घरपरिवार संलग्न भइ न्यूनतम १०० रोपनी क्षेत्रफलमा कृषक समुह वा कृषि सहकारी संस्था मार्फत संचालन गर्नु पर्ने । |
| २. | फलफूलबाली विकास आयोजना | | | | |
| क. | फलफूल बगैंचा स्थापना तथा विस्तार कार्यक्रम | ५० | २० हेक्टर | ३० | कृषि फर्म / कम्पनी को हकमा कम्तीमा ३ रोपनी र कृषक समुह/सहकारीको हकमा कम्तीमा १० घरपरिवार संलग्न भइ न्यूनतम ३० रोपनी क्षेत्रफलमा खेती गर्नु पर्ने । कृषि फर्म, कम्पनी , कृषक समुह वा सहकारी संस्था मार्फत संचालन गर्नु पर्ने |
| ख. | फलफूल नर्सरी स्रोत केन्द्र स्थापना | ५० | २ वटा | २० | |
| ग. | फलफूल बगैंचा व्यवस्थापन तथा सुदृढीकरण सहयोग कार्यक्रम | ५० | ३० हेक्टर | १२ | |
| घ. | फलफूलको मूल्य अभिवृद्धि तथा बजार प्रवर्धन कार्यक्रम | ५० | १ पटक | ५ | |
| ३. | आलु तथा तरकारीबाली प्रवर्धन आयोजना | | | | |
| क. | बेमौसमी तरकारी खेति प्रवर्दन कार्यक्रम | ५० | २८ हेक्टर | २८ | <u>तरकारीको हकमा</u> : कृषि फर्म, कम्पनीले खुल्ला जमिनमा २ रोपनी क्षेत्रफलमा वा संरक्षित संरचना भित्र १४० वर्ग मिटर क्षेत्रफल र कृषि समुह/सहकारीले खुल्ला जमिनमा १० रोपनी क्षेत्रफल वा संरक्षित संरचना भित्र ७०० वर्ग मिटर क्षेत्रफल संचालन गर्नु पर्ने । <u>आलुबालीको हकमा</u> : कृषि फर्म, कम्पनीले कम्तीमा ३ रोपनी क्षेत्रफलमा कृषि समुह/सहकारीले कम्तीमा ३० रोपनी |
| ४. | विउ उत्पादन प्रवर्धन आयोजना | | | | |
| क. | आत्मनिर्भरताको लागि बीउ उत्पादन प्रवर्धन कार्यक्रम | ५० | ५ हेक्टर | ७.५ | क्लष्टरमा बीउ उत्पादन गर्नु पर्ने । |



कृ. ज्ञान केन्द्र प्रमुख

akcmyagdi@gmail.com
069520630, 9857622144, 9857621630
myagdi.akc.gov.np

गण्डकी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

पत्र संख्याः२०८०।८१
च.नं.:

| | | | | | |
|---|---|---|---|---|---|
| ५. | रैथाने बाली प्रवर्धन आयोजना | | | | |
| क. | रैथाने बाली उत्पादन प्रवर्धन कार्यक्रम | ८५ | १० हेक्टर | १० | कोदो, जौ, फापर, उवा, जुनेलो, चिनो, सिमी आदीको कम्तीमा १० घरपरिवार संलग्न भइ न्यूनतम २० रोपनी क्षेत्रफलमा खेती गर्नु पर्ने । |
| ख. | रैथाने बालीको प्रशोधन तथा बजारीकरण प्रवर्धन कार्यक्रम | ५० | ५ पटक | १० | कृषि फर्म, कम्पनी, कृषक समुह वा सहकारी संस्था मार्फत संचालन हुने । |
| ६. | समुदायस्तरमा प्रविधियुक्त कृषि उत्पादन प्रवर्धन आयोजना | | | | |
| क. | खायन आलु उत्पादन प्रवर्धन कार्यक्रम | ७५-८५ | १२५ हेक्टर | ३०० | कम्तीमा १० घरधुरी संलग्न भइ न्यूनतम ३० रोपनी क्षेत्रफलमा कृषक समुह वा सहकारी मार्फत क्लष्टरमा संचालन गर्नु पर्ने |
| ७. | ग्रामीण पोषण सुरक्षण कार्यक्रम | | | | |
| क. | ग्रामीण पोषण सुरक्षण कार्यक्रम | ९० | ५ संख्या | २५ | कम्तीमा २५ घरधुरी संलग्न भइ खाद्य तथा पोषण सुरक्षा सुनिश्चितका लागि विविध कार्यक्रम गर्नु पर्ने । |
| ८. | कृषि व्यवसाय प्रवर्धनका लागि अनुदानमुलक कार्यक्रम | | | | |
| क. | मसला तथा निर्यातयोग्य बाली उत्पादन, प्रशोधन तथा बजारीकरण सहयोग कार्यक्रम | ५० | १ पटक | ५ | अदुवा, बेसार, लसुन, खुर्सानी आदी खेती गर्नका लागि कृषि फर्म, कम्पनीहरुको हकमा १० रोपनी र कृषक समुह/ कृषि सहकारीको हकमा ५० रोपनी क्षेत्रफलमा खेती गर्नु पर्ने । |
| ख. | प्राङ्गारिक मल वितरण | ७५ | ३ पटक | १५ | २ रोपनीमा व्यवसायिक खेती गरेको हुनु पर्ने |
| ग. | बाली विमाको विमा शुल्कमा अनुदान | १०० | ४ पटक | ३ | यस कार्यक्रमका लागि २०८१ असार १५ गते सम्म निवेदन दिन सकिने । |
| ९. | जलवायुमैत्री प्रविधि प्रवर्धन कार्यक्रम | | | | |
| क. | जलवायुमैत्री कृषि प्रविधि प्रवर्धन कार्यक्रम | ८५ | २ पटक | २० | मुख्यमंत्री जलवायूमैत्री नमुना कृषि गाउँमा कार्यक्रम संचालन कार्यविधि २०७८ बमोजिम हुनेछ |

**आवश्यक कागजातहरू**

१) रु. १० को टिकट टाँस गरी निवेदन
२) कार्यविधि अनुसार कार्यक्रम संचालन प्रस्तावना १ प्रति ।
३) कृषि फर्म/कृषक समुह/कृषि सहकारीको हकमा दर्ता प्रमाणपत्र (नविकरण नभएको भए नविकरण गरेको), PAN/VAT दर्ता प्रमाणपत्र, बार्षिक अडिट रिपोर्ट, पछिल्लो आर्थिक बर्षको कर चुक्ता प्रमाणपत्र र बैठक निर्णयको प्रतिलिपि ।
४) सम्बन्धीत स्थानिय तह वा वडाको कार्यक्रम संचालनमा दोहोरो सहयोग नभएको वा नहुने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिस पत्र ।
५) प्रस्तावित क्षेत्रको जग्गा धनी पुर्जाको प्रतिलिपि र जग्गा करार लिजमा लिई कार्यक्रम संचालन गर्नेको हकमा न्युन्तम १० वर्षको लागि करार सम्झौताको प्रतिलिपि ।
६) अघिल्लो दुई आ.व मा यस कार्यालयबाट या कुनै सरकारी कार्यालयबाट एउटै प्रकृतिको अनुदान प्राप्त नगरेको स्वघोषणा पत्र।

निवेदन र कार्यक्रम माग सम्बन्धि प्रस्तावको ढांचा कृषि ज्ञान केन्द्र, म्याग्दीको वेभसाइट myagdi.akc.gov.np बाट डाउनलोड गर्न सकिन्छ । साथै थप जानकारीको लगि कृषि ज्ञान केन्द्र, म्याग्दी (०६९-५२०६३०, ९८५७६२२१४४ र ९८५७६२१६३० )

पुनश्च : माथि उल्लेखित कार्यक्रमहरुमा प्रदेश सरकारको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकिकृत कार्यविधि २०७७ र कृषि तथा भूमि व्यवस्था मन्त्रालय, गण्डकी प्रदेश सरकारको कार्यक्रम संचालन सम्बन्धी स्वीकृत/ संसोधित मापदण्डमा भएका व्यवस्था अनुसार मात्र संचालन हुनेछ। साथै उल्लिखित मितिभित्र आवश्यक कागजात र प्रक्रिया नपुगेका आवेदनहरु माथि कुनै प्रक्रिया अघि बढ्ने छैने ।

*"व्यावसायिक र सिर्जनशील प्रशासन: विकास, समृद्धि र सुशासन"*

प्रि. ज्ञान केन्द्र प्रमुख